आइ.एस.एस.एन.: १६८५–४०१२ भाग १ अंक ३ जुलाई–सेप्टेम्बर २००२

स्ट्रिम

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग

# स्ट्रि म जर्नल

## माछा मार्नेहरु र कृषकहरुको जिविकोपार्जन पद्दतिमा सिकाई र संचार

स्ट्रि मका सहयोगीहरु अष्ट्रेलियन सहयोग, विश्व खाद्य संगठन, नाका र भिएसओ

## विषय सूची

श्रोत उपभोक्ता देखि श्रोत व्यवस्थापक सम्म : एक अर्थपूर्ण परिवर्तन ३
रुप्रेटो अलेरोजा, जोसेल पनजीलिन र रोनेट स्यान्टोस

कम्बोडियाका प्रान्तिय जीविकोपार्जन पद्धति अध्ययन टोलीको अर्थपूर्ण परिवर्तन ५
बुन हेइ छेङ टान सोमेथ वन ह्वाट, मे च्यान्थोउ र बन पुथी

सामुदायिक मत्स्य विकास कार्यालयको एक वर्ष ७
माट्ट फकस

सामुदायिक मत्स्य विकास कार्यालय व्यवसायको लागि खुल्ला १०
लोउसी म्याकसन सान्डवाच

जलचर व्यबस्थापन र विकासमा सरोकारवाला र संस्थागत संलग्नता १२
एम कृष्णान र प्रताप एस व्रिथाल

सुदुर दक्षिण कम्बोडियामा मत्स्यपालनका लागि माछाभूरा उत्पादनः विकेन्द्रिकरण एउटा बाटो १४
ओलिभर डेलाहाइ गामुक्कि, ग्राहम सि मेइएर र हारभे डेमेइन

स्ट्रि म जर्नलका वारे १७

स्ट्रि मका वारे १८

## टिपोट

स्ट्रि म जर्नलको यो अंकमा चारवटा लेखहरु कम्वोडियामा गरिएका कामहरुसंग सम्बन्धीत छन् । यसमा अनुगमन तथा मुल्यांकनका परिवर्तनलाई प्रकाश पार्ने सिलसिलामा व्यक्तिगत तथा संस्थागत अर्थपूर्ण परिवर्तनका कथाहरु उल्लेख गरिएका छन् । स्ट्रि म जर्नल १(३) को शुरुवात रुप्रेटो अलेरोजा(का उपएर), एक जना फिलिपिन्सका मछुवारले थाइल्याण्डमा रहेको स्पार्क अध्ययन भ्रमणमा आधारित कथाबाट हुन्छ । यस लेखका लेखकद्वय रोनेट सान्टोस र जोसेल पानङ्गीलिननले आफनो लेखलाई अर्थपूर्ण परिवर्तनको व्यख्यामा टुग्याएका छन् ।

अर्को तिनवटा लेखहरु कम्वोडियाका साथीहरु जो साझेदार रुपमा मत्स्य विभागको सामुदायिक मत्स्य विकास कार्यालय (सा.म.वि.का.), गैरसरकारी संस्था स्काले तीन प्रानतका मत्स्इ विभागका कार्यालयहरु , महिला तथा भू.पू सैनिक मामला विभाग र स्ट्रि मसंग संलग्न रहेका छन् ले तयार गरेका हुन् । वुन हे छाङ्ग , टान सोमेथ वुनहाट, मेइ चान्थोउ र वुन पुथीले जीविकोपार्जन पद्दति अध्ययन टोलीले कसरी अर्थपूर्ण परिवर्तनलाई व्यवहारिकतामा ढाल्ने भनेर प्रष्ट पारेका छन् । माट्ट फक्स र लोउसी म्यक्सन सान्डवाच, दुबै सा.म.वि.का.मा काम गर्ने स्वयं सेवक, ले कसरी त्यो कार्यालयको विकास भैरहेछ भन्ने दर्शाएका छन् । माट्ट ले कम्वोडियाका नदीहरुको हुने परिवर्तन र त्यसले मत्स्यपालनमा पर्ने प्रभावलाई र लोउसीले कसरी तस्वीरहरुले हजार शव्दले गर्ने काम गर्दछन् भनी दर्शाएका छन्

पाँचौ लेखमा एम कृष्णान र प्रताप एस व्रिथालले समुदायका " प्रमुख व्यक्तिहरु" ले भारतको तटीय जलचर विकासमा पु-याउन सक्ने भूमिकाको वारेमा प्रकाश पारेका छन् । अन्तिम लेखले हामीलाई कम्वोडियामामत्स्य भूरा उत्पादनलाई कसरी विकेन्द्रिकरण गर्ने भनि गरिएको अध्ययन प्रतिवेदनलाई हामी समक्ष प्रस्तुत गरेका छन् । यो लेख ओलिभर डिलाहाची गामुक्कि, ग्राहम सि मेर र हारभेई डेमेनीले तयार पार्नु भएको हो । उहाँहरु एशियन इन्सटिटयुट अफ टेक्नोलोजीसंग सम्बन्धीत हुनु हुन्छ ।

हामीलाई खमेर र भियतनामी भाषामा स्ट्रि म जर्नल उपलव्ध छ भन्दा खुशी लागेको छ । कम्वोडिया र भियतनामका प्रन्तीय तहमा काम गर्ने साथीहरुलाई उनीहरुको भाषामा नै स्ट्रि म जर्नल छापिएको रुपमा उपलब्ध भैरहेको छ । अन्य भाषामा पनि स्ट्रि म वेभसाइटको भरच्यूअल पुस्तकालयमा यो जर्नल उपलब्ध छ । नेपाली भाषामा पनि छिट्टै आउँदैछ ।

हामी स्ट्रि म जर्नलका पाठकहरुको प्रतिक्रिया प्रति सचेत छौं र संचार सम्बन्धहरुलाई प्रकाशित गर्दै जानेछौं । आशिष कुमार (भारत) र एम ई अजिम (वंगालादेश), दुवैले स्ट्रि म जर्नल १(२) मा लेख लेखेका थिए, ले आपसमा इमेल आदन प्रदान गरि वंगालादेशमा गरिएको सुक्ष्म वनस्पतिमा आधारित मत्स्य पालन र भारतमा यसको प्रयोगको सम्बन्धमा विचार आदन प्रदान गरेका थिए । आशिषको सही इमेल ashishkumar_1in@yahoo.com रहेको छ ।

पढाई आनन्ददायक होस

ग्राम हेलर- स्ट्रि म निर्देशक

विलियम साभेज - स्ट्रि म जर्नल सम्पादक

## श्रोत उपभोक्ता देखि श्रोत व्यवस्थापक सम्म : एक अर्थपूर्ण परिवर्तन

रुप्रेटो अलेरोजा, जोसेल पनजीलिन र रोनेट स्यान्टोस

### माछुवार समुदायको नेता र समुदायको अध्यक्ष

मेरो नाम " का उपएर" हो। म ४८ वर्षिय एक मछुवार र एउटा समुदायको नेता पनि हु। मैले प्रारम्भिक शिक्षा मात्र हासिल गरेको भएता पनि सन् १९९१-९३ सम्म फिलिपिन्सको तटिय क्षेत्र अन्तरगतको वटनग्यासको एक गाउँ इन्कारनासायन बारान्गेको सभासद भएँ। सन् १९९२ मा म सम्माका अर्थात् समाहान एनजी मगा मालिलीट ना मान्गीनगीस्डा एनजी कालाटागन (कालाटागनको साना मछुवारहरको संगठन) को सदस्य भएँ जुन संगठन क्रिड ( सिइआरडी)को समुदायलाई संगठित गर्ने प्रयासको नतिजा थियो र यो एक गैह्र सरकारी संस्था हो, जसले साना मछुवारहरुमा सहयोग गर्ने काम गर्छ। अहिले म त्यहि सम्माका (SAMMACA)को अध्यक्ष भएको छु, जुन संगठन हाल विस्तार भएर कालाटागनका ९ वटा तटिय क्षेत्रहरुको १० अध्याय सहित संघमा परिणत भई ७०० भन्दा बढी साना मछुवारहरुलाई समेट्न सफल भएको छ।

### श्रोत व्यवस्थापनमा सिक्ने र आदन प्रदान गर्ने

अघिल्लो वर्ष बाह्रवटा समुदायका छानिएका नेताहरु मध्ये एक म, गैह्र सरकारी संस्था र फिलिपिन्स, इन्डोनेशिया र थाइल्याण्डका स्थानीय सरकारका प्रतिनिधिहरु सम्मिलित टोलीलाई अगस्ट १ देखि १५ सम्म थाइल्याण्डमा अध्ययन भ्रमणको आयोजना गरिएको थियो। यसको उद्देश्य प्राकृतिक सम्पदाको व्यवस्थापनमा स्थानीय समुदायहरु कसरी सहभागी बन्न सक्छन् भनी अध्ययन गर्नु थियो। उत्तरी थाइल्याण्डमा च्याङमाई नजिकैको सामोइङ जिल्लाका उत्तरी किसान संजालमा संलग्न किसानहरुले कसरी पानी ढलान क्षेत्र (watershed) व्यवस्थापनमा सहभागिता जनाएका छन् भन्ने सम्बन्धमा मैले प्रत्यक्ष देख्नुको साथै बुझ्ने मौका पाएँ। दक्षिणी थाइल्याण्डको ट्राङमा मैले खुन पिसिट कारनोहलाई भेटें। त्यहाँ तिनीहरुले कसरी माछाको आश्रय स्थलको व्यवस्थापन गरिरहेका छन् र घोलमा रोपिने विशेष प्रकारका रुखहरु (म्याङ्ग्रोभ) को क्षेत्रलाई कसरी पुनर्स्थापन गरिरहेका छन् र उनीहरुले माछा मार्ने क्षेत्र भित्रका अन्य उपभोक्ताहरुसंग कसरी संझौता गरेका रहेछन् भन्ने विषयमा उनीहरुसंग छलफल गर्ने र सिक्ने मौका पाएँ।



*का उपएर, दोस्रो लाइनमा दायाँ लेख्दै, थाइल्याण्डको भ्रमणमा*

थाइल्याण्ड र इण्डोनेशियाका साना मछुवारहरुसंगको अन्तक्रिया र स्पार्कको योजना अन्तर्गतका क्षेत्रीय कार्याशाला र अध्ययन भ्रमणबाट मलाई यो महसुस भयो कि साझा प्राकृतिक श्रोतको व्यवस्थापनको सम्बन्धमा के कस्ता कानून बनाउनुपर्छ र त्यसलाई के कसरी लागु गर्न सकिन्छ भन्ने कुरामा निर्णय गर्न साझा श्रोतहरुको उपभोक्ताहरुलाई नै सहभागी बनाउनु पर्छ। अन्यथा एउटा मत्स्य क्षेत्र अन्य गैह्र माछा व्यवसायीहरु, जस्तै : पर्यटन, सामुद्रिक खोज, साहसिक यात्रागर्ने आदीले पनि उपयोग गरिरहेका हुन सक्छन्। मेरो विचारमा साना मछुवारहरु जसको जीवन पद्दति माछा व्यवसायमै अडेको छ र जो श्रोतका महत्वपूर्ण उपभोक्ता पनि हुन्, उनीहरुलाई कानून निर्माण गर्न र

ति कानूनको कार्यन्वयन गर्नमा सहभागी वनाउनै पर्छ । मैले समुदायमा आधारित प्राकृतिक श्रोत व्यवस्थापन (CBNRM) मा सहभागीताको महत्व बारेमा वृहत रुपमा जानकारी हासिल गरें ।

## क्षमता र आत्मविश्वास

मैले सरोकारवालाहरुको बारेमा कसरी विश्लेषण गर्ने र श्रोतको उपभोक्ताहरु वीचमा हुने द्वन्द व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा सिकें । द्वन्द खास गरि स्थानीय समुदाय र शक्तिशाली बाहिरी शक्तिहरु जस्तै व्यवसायिहरु र त्यही समुदायका सदस्यहरु वीचमा पनि हुने गर्दछ । द्वन्द विश्लेषण गर्ने मेरो क्षमतामा सुधार आउनुका साथै मैले द्वन्द व्यवस्थापन गर्न सक्छु भन्ने आत्मविश्वास ममा वृद्धि भएको छ ।



*मछुवारहरु र स्पार्कको अध्ययन श्रमण टोलीसंग का उपएर, कालो चस्मा लगाएर पहिलो लाइनमा वायाँ, दक्षिणी थाइल्याण्डको मानग्रोभ हुर्कने क्षेत्रमा*

हाम्रो संगठनले स्थानीय सरकारको आर्थिक सहयोगमा हालै ३ वटा २००X१०० मिटर क्षेत्रफलको माछाको आश्रय स्थलको व्यबस्थापन गरेको छ । हामीहरु ४५ हेक्टर जमिनमा म्याङ्ग्रोभ वृक्षारोपण गर्न संलग्न भएकाछौं, जसमा अक्सफर्म, बेलायती गैह् सरकारी संस्था पाकाप (PACAP) र एउटा अष्ट्र`लियन आर्थिक सहयोग संस्थाले आर्थिक सहयोग गरेका छन् । हाम्रो एकजना सदस्य खाडी क्षेत्रको मत्स्यपालन र जलचर व्यबस्थापन परिषद्को अध्यक्ष पनि भएका छन् । यो परिषद्ले जलचर व्यबस्थापन सम्बन्धि नीतिहरुको सिफारिस स्थानीय सरकारी निकायलाई गर्छ । हामी राष्ट्रि य संचारका सदस्यहरुको सहयोगमा गैह्र कानूनी तरिकाले माछा मार्नेहरुका विरुद्ध अभियान चलाउन सक्रिय भएकाछौं । हामीले अख्तियारवालाहरुसंग सिमेन्ट कारखाना स्थापनाको सहमती नदिने विश्वास प्राप्त ग- यौं, जुन कारखानाले हाम्रो म्याङ्ग्रोभलाई क्षति पु- याउनुका साथै हामीले माछा मार्ने क्षेत्रहरुलाई प्रदुषित गर्न सक्छ । स्थानीय निकायको सहयोगमा हामीहरु कालाटागानको पागापास खाडीको बाँकी किनारी भागहरुको संरक्षण कार्यमा संलग्न भएकाछौं । भर्खरै मात्र म गरिवी विरुद्ध राष्ट्रि य आयोगको ( NAPC ) को राष्ट्रि य परिषद्को सदस्यमा निर्वाचित भएँ ।

जहाँ पहिले धेरै मानिसहरु माछा विशेषज्ञहरुले मात्र तटिय क्षेत्रको श्रोतहरुको राम्रो व्यवस्थापन गर्न सक्छन् भनि सोच्दथे त्यहाँ हामी श्रोतको उपयोग कर्ताहरु पनि राम्रो व्यवस्थापक बन्न सक्छन् भनि प्रमाणित गरी देखाउन चाहान्छौं ।

का उपएर सम्माकाका अध्यक्ष हुन् । जोसेल पान्गीलिनन स्पार्कको कार्यक्रम सहायक हुन् र रोनेट स्यान्टोस स्पार्क कार्यक्रमका समन्वयकर्ता हुन् । यिनिहरुलाई < cerd @ skyinet.net> मा र जोसेल र रोनेटलाई spark @qinet .net मा भेट्न सकिन्छ ।

# कम्बोडियाका प्रान्तिय जीविकोपार्जन पद्धति अध्ययन टोलीको अर्थपूर्ण परिवर्तन

बन हेइ चेङ्ग टान सोमेथ वन ह्वाट, मे च्यानटु र बन पुथी

## दिगोपन, जीविकोपार्जन पद्धतिको अध्ययन, क्षमता अभिबृद्धी र सार्थक परिवर्तन

कम्बोडियाका मत्स्यपालन प्रदेशहरु असंख्य माछाका मार्ने भागहरुमा विभाजन सहित समुदायको उत्तरदायित्वमा पर्दै छिट्टै नै सुधारोन्मुख दिशातर्फ जाँदैछन् । तर धेरै समुदायहरुले समस्याहरु भोगिरहेका छन् किनभने तिनीहरुलाई नत जलचर सम्पदाको उपयोग दिर्घकालसम्म कसरी गर्ने भन्ने बारेमा थाहा छ नत लगातर रुपमा विनास हुँदै गएको प्राकृतिक श्रोतको संरक्षण कसरी गर्ने भन्ने बारेमा नै थाहा छ । कम्बोडियाको सरकारले समुदायमा प्राकृतिक श्रोतहरुको संरक्षण गर्नको लागि भर्खरै सह–व्यबस्थापन समितिहरुको निर्माण गर्न थालेको छ । गाउँमा दिगो जिवन यापन सम्बन्धि अध्ययन शुरु भएको छ जसले गाउँमा उठ्ने विवाद र त्यसको समाधान बारे पत्ता लगाउने उद्देश्य राखेको छ । यसबाट गाउँलेहरुले आफ्ना जिवन यापनका रणनीतिहरु स्वयं बनाउन सक्नेछन् र समस्याहरु हटाइ श्रोतहरुको संरक्षण गर्नेछन् ।

दिगो जीवनयापनका लागि क्षमताको विकास अध्ययन स्काले (SCALE) नामक तालिम टोलीले कण्डाल, काम्पोङ्ग छनाङ र काटीइ प्रान्तका प्रान्तिय जिविकोपार्जन पद्दति अध्ययन समूहसंग मिलेर सम्पन्न गरेको थियो । यस कार्यले गर्दा गाउँलेहरुले छलफल गर्ने, वातावरण, जलचर श्रोत र वन्यजन्तु सम्बन्धमा वर्तमान र भविष्यमा उठ्न सक्ने विवादहरुको समाधान गर्न शुरु पनि गरे । स्कालेले क्षमता विकास प्रकृयाको पनि अनुगमन ग-यो जसको उद्देश्य तीन वटा प्रान्तिय समूहका कर्मचारीको ज्ञान, धारणा र कार्यक्षेत्रको अभ्यासमा के कति सार्थक परिवर्तन आयो भन्ने थियो । यसमा प्रत्येक प्रान्तिय समूहका छ जना मध्ये चार जना मत्स्य विकास विभागका र दुई जना महिला तथा भू पू सैनिक विभागका प्रतिनिधि थिए ।

## तरिकाः अनुगमन, निरिक्षण, प्रश्नावली र प्रतिवेदन तयार

दिगो जीकिोपार्जन पद्दतिको अध्ययनको क्रममा स्कालेले प्रत्येक प्रान्तका समूहहरुको ज्ञान ,धारणा र कार्यक्षेत्र अभ्यास बारे बुझ्नको लागि उनीहरुको कामको अनुगमन ग-यो । तालिम समूहले यि गाउँहरुमा सहभागितात्मक ग्रामिण विश्लेषण (PRA) को हरेक गतिविधिहरु जस्तै : गाउँको छनौट, सहयोगी तरिकाहरु, सूचना जानकारी संकलन र विश्लेषण, कम्प्युटरको प्रयोग र प्रतिवेदन लेखन सबैलाई कार्यन्वयन ग-यो ।

स्काले तालिम टोलीले अध्ययन समूहका सदस्यहरुको ज्ञान, धारण र कार्यक्षेत्र अभ्यासको बारेमा गरेका निरिक्षणहरुको अभिलेख राखे जुन दिगो जिविकोपार्जन पद्दति तालिम र गाउँमा गरिएको पि.आर.ए. अभ्यास दुवैको बारेमा थियो । यस टोलीले हरेक समूहका, विशेष गरि महिलालाई बढी प्रथमिकता दिई मानिसहरुको चरित्र जस्तैः को–कससंग मिलेर कसरी काम गर्छन् , का बारेमा समेत अनुगमन ग-यो ।

सहभागितात्मक ग्रामिण विश्लेषण (पि.आर.ए.) लाई बुझ्नको लागि तालिम पूर्व सबै प्रान्तिय टोलीका सदस्यहरुले प्रश्नावली तयार गरे । तालिम उप्रान्त पनि पि.आर.ए. ज्ञानलाई बुझ्न प्रश्नावली तयार गरे जुन तालिम कोर्ष शुरु भएको तीन महिनापछि मात्र पूरा भयो र यसलाई २ वटा गाउँमा पि.आर.ए. अभ्यासको रुपमा सम्पन्न गरियो । हरेक प्रान्तिय समूहहरुले आफूले के कस्ता अनुभवहरु कहिले गरे भन्ने बारेमा वर्णन गर्दै सार्थक परिवर्तन बारे प्रतिवेदन तयार गरे । यी प्रतिवेदनहरु समूहगत छलफलबाट तयार पारिएको थियो ।

## नतिजा

जिविकोपर्जन पद्दतिको अध्ययन वा प्रश्नावली दुवैको निचोड यस लेखमा राख्न सम्भव नभएकाले केवल सार्थक परिवर्तनको बारेमा निम्न निष्कर्ष निकालियो ।

- हरेक टोलीले पि.आर.ए. का साधनको प्रयोगद्वारा ग्रामिण क्षेत्रको जानकारीहरु संकलन गर्न शुरु गरे ।
- सबै टोली आफैले दोश्रो गाउंमा पि.आर.ए. लागु गर्न सक्ने भए ।
- सामान्यतया सवै टोलीले समूहमा राम्रोसंग काम गरे । सबैले कसरी एउटा प्रतिबद्ध र उत्तरदायी टोली बनेर पि.आर.ए. गर्न सकिन्छ भन्ने बारे राम्रोसंग बुझे ।

- पुरुष र महिला दुवैले संगसंगै मिलेर राम्रोसंग काम गरेको देखियो
- पि.आरए. लागु गर्न, समस्या विश्लेषण, कम्प्युटरको प्रयोग र प्रतिवेदन लेख्न धेरै अनुभवहरु चाहिने बुझियो ।

**व्यक्तिका सार्थक परिवर्तनका कथाहरु**

सेप्टेम्बर २००२ मा सिएफडिओ–स्काले–स्ट्रि म (CFDO-SCALE-STREAM) जीविकोपार्जन पद्दति बैठक नोमपेन्हको मत्स्य विभागमा सम्पन्न भएको थियो । यस बैठकको प्रमुख उद्देश्य तीन वटा प्रान्तको जीविकोपार्जन पद्दति अध्ययनबाट प्राप्त प्रतिवेदन पेश गर्ने र त्यसको प्रतिकृया लिने थियो । छलफलको अन्तमा तिनैवटा समूहका स्वयं सेवकहरुले आफ्नो सार्थक परिवर्तनका कथाहरु सुनाए । ती कथाहरु निम्न लिखित छन् ।

**कण्डाल प्रान्तबाट**

म बुन पुथी हुं । म महिला तथा भू.पू.सैनिक मामला विभागमा कार्यरत छु । स्ट्रि मसंग काम गर्नु भन्दा पहिले मलाई पिआरए भन्ने थाहै थिएन । म धेरै बोल्ने गर्थे र जब म गाउँमा काम गर्थे गाउँलेरुलाई शिक्षित तुल्याउँथे र मेरो प्रवृति नेताको जस्तो सबै काम देखाउने थियो । तीन महिनाको समयमै मैले पिआरए र त्यसलाई लागु गर्नेबारे राम्रोसंग बुझें र गाउंलेहरुबाट सूचनाहरु कसरी संकलन गर्न सकिन्छ भन्ने बारेमा पनि सिके । समूहमा कसरी काम गर्ने, समूहका सदस्यहरु वीच राम्रो सम्बन्ध कसरी राख्ने र आफ्नो समूहका कामहरुको राम्रो व्यबस्थापन कसरी गर्ने भन्ने बारे मैले राम्रैसंग बुझें । मैले सबभन्दा बढी मेरो समूहमा प्रत्येक पिआरए तरिका समाप्त भए पछि सधै आफनो विश्लेषण गर्नमा ध्यान दिएं । मेरो लागि सबभन्दा महत्वको विषय गाउँलेहरुसंगै बस्ने, उनीहरुको वास्तविक जीवनस्तर बारे बुझ्ने र गाउँमा नै सबै सूचनाहरुको विश्लेषण गर्ने थियो । म धेरै खुसि थिएँ र पिआरए लगातार लागु गर्न चाहान्थें किनकी म गरिव किसानहरुको समस्या र त्यसका समाधानका उपाय पत्ता लगाउन ज्यादै उत्सुक थिएँ । अहिले मैले धेरै अनुभवहरु संगालेको छु र म अफिस र कार्य क्षेत्र दुवैमा राम्रोसंग काम गर्न सक्ने भएको छु ।

**काम्पोङ्को छनाङ्ग प्रान्तबाट**

म मेइ च्यान्थोउ हुँ । म काम्पोङ्को छनाङ्गमा कृषि विभागमा कार्यरत छु । मैले के ठानेको थिएं भने म पिआरए तरिका, कम्प्युटर सफ्टवेयर, प्रतिवेदन तयार गर्ने केही जान्न सक्दिन । म धेरै बोल्न पनि मन नपराउने भएकाले गाउँमा गएर कहिल्यै काम गर्न सक्दिन । तर जव मैले स्ट्रि मसंग ३ महिना काम गरें मैले पि.आर.ए. तरिकाबारे राम्रो जानकारी पाएँ । म किसानहरुसंग प्रत्यक्ष रुपमा काम गर्न सकने भएँ । म सूचनाहरु संकलन गरि प्रतिवेदन लेख्न सक्ने भएँ । मैले फ्रिहृयाण्ड, आर्कभ्यू, वर्ड र एक्सल जस्ता कम्प्यूटर प्रोग्रामबारे धेरै सिके । मैले गाउंलेहरुको नजिक रहेर धेरै कुरा जान्ने र सुन्ने मौका पाएँ यो म आफैलाई सक्रिय बनाइ राख्न पनि आवश्यक थियो । यस बाहेक मैले विभिन्न जीवनस्तरका गाउँलेहरुसंग बसी काम गरें । अन्तमा मेरो जीवनमा ज्ञान, धारणा र व्यबहारमा सार्थक परिवर्तन आएको मलाई महसुस भयो ।

**क्राटिई प्रान्तबाट**

म टान सोमेथ बुनवट हुँ । म क्राटिईको मत्स्य कार्यालयमा काम गर्छु । स्ट्रि मसंग काम गर्नुभन्दा पहिले मलाई पिआरए का तरिकाहरु, कार्य योजना कसरी बनाउने, सूचनाहरु कसरी विश्लेषण गर्ने र प्रतिवेदन कसरी लेख्ने भन्ने बारेमा केही थाहा थिएन । स्ट्रि मसंग काम गर्दाको ३ महिनाको अवधिमा खास गरि महिला समूहमा बसेर कसरी काम गर्ने र कसरी योजना बनाउने भन्ने बारे मलाई थाहा भयो । मैले कम्प्यूटर सम्बन्धि दक्षतामा वृद्धि गरें । अरुलाई निर्देशन गर्ने मेरो प्रवृत्ति गाउँलेहरुबाट विचारहरु र मुद्धाहरु लिने र गाउँलेहरुसंग वसेर काम गर्नेमा परिवर्तन भएको छ । म गाउँले र स्थानीय अधिकारीहरुसंग राम्रोसंग कुरा गर्न सक्ने भएको छु । मैले किसानहरुबाट धेरै कुराहरु सिकेर आफ्नो क्षमतामा सुधार गरें ।

बन हे चेङ स्काले अनुसन्धानका र माछा भूरा केन्द्रका व्यबस्थापक हुन् । उनलाई <012809091@mobitel.com.kh> मा भेट्न सकिन्छ । टान सोमेथ बुनवट क्राटिई प्रान्तका मत्स्य विभागका अधिकृत हुन् । मेइ च्यान्थोउ काम्पोङ चनाङ प्रान्तका कृषि विभागका अधिकृत हुन् । बुन पुथी महिला तथा भू.पू. सैनिक विभागका उपनिर्देशक हुन् । यिनीहरु सबैलाई cfdo@cannet.com.kh मा भेट्न सकिन्छ ।

# सामुदायिक मत्स्य विकास कार्यालयको एक वर्ष

माट्ट फकस

## सामुदायिक मत्स्य विकास कार्यालय (सा.म.वि.का.) को यात्रा

एक पवित्र आत्माले लामो यात्राको शुरुवात सही दिशामा चालिने एउटा पाइलोबाट नै हुन्छ भनेका छन् । टोन्ली साप (कम्बोडियाको ठूलो ताल) मा परिवारहरु र व्यवसायिक माछा मार्नेहरु वीचको द्वन्द अझ खराव भएपछि अक्टोवर २००० मा प्रधानमन्त्रीले आधा जति व्यवसायिक माछा मार्ने क्षेत्र जनतालाई नै हस्तान्तरण गर्ने घोषणा गरे । यी क्षेत्रहरु (करीव ५ लाख हेक्टर ) सरकारी सहयोग र निर्देशनमा माछा मार्ने समुदायहरु आफैले व्यवस्थापन गरेका छन् । यो कार्यलाई एक पाइला अघि बढाउन र मत्स्य सुधार प्रक्रियालाई सहयोग गर्न एक वर्ष पहिले मात्र मत्स्य विभागमा सामुदायिक मत्स्य विकास कार्यालय (सा.म.वि.का.) को स्थापना गरियो ।

सा.म.वि.का. को जिम्मेवारीमा सामुदायिक मत्स्यपालनलाई सहयोग, कार्यान्वयन र समन्वय गर्ने रहेको छ । अहिले कम्वोडियामा सुधार कार्यक्रम घोषणा गरे देखि स्थापना भएका र अन्य गरि २४० भन्दा बढी नै सामुदायिक मत्स्यपालन क्षेत्रहरु जसमा भित्री क्षेत्र र तटिय समेत, रहेका छन् । मत्स्य विभागका निर्देशक नाओ धुओकको भनाइ अनुसार सामुदायिक मत्स्य व्यवस्थापन धारणा कम्बोडियाको लागि एउटा नयाँ अवधारण हो । तर यसलाई फिलिपिन्स जस्ता देशमा भने विगत दश वर्ष देखि मत्स्य श्रोतहरुको दिगो उपयोगको तरिकाको रुपमा समसामयिक व्यवस्थापन पद्धतिको रुपमा लिइदै आएको छ । हामीले यि अनुभवहरुबाट सिक्न सक्दछौं ।



*मत्स्य सुधार र समुदायमा आधारित व्यवस्थापनले सबैलाई वोल्न सक्ने वनाएको छ । यहाँ समुदायमा भएको चुनावको नतिजाको प्रतिक्षामा*

पहिलो वर्षमा नै सा.म.वि.का.को विकास भएर २५ जना कर्मचारी कार्यरत रहन सकेका छन् । तिनीहरु विभिन्न पृष्ठभूमिबाट आएका र अधिकांश पहिले विभागमा काम गरि सकेका छन् । केहीसंग भने समुदायमा आधारित व्यवस्थापनको अनुभव पनि रहेको छ । सा.म.वि.का.मा समुदायमा आधारित मत्स्य व्यवस्थापनको कार्यान्वयन र समन्वय गर्ने चूनौतिपूर्ण काम सम्पन्न गर्न तालिम दिने कार्यको शुरुवात पनि भयो । सा.म.वि.का.ले गरीव मछुवार समुदायमा सह–व्यवस्थापनलाई कार्यान्वयन गर्दा असर गर्ने मुद्दाहरु बारे बुझ्न विभिन्न अनुसन्धनात्मक आयोजनाहरु पनि शुरु गऱ्यो ।

## स्ट्रि म शुरुवात र जीविकोपार्जन अध्ययन

सा.म.वि.का. क्षेत्रीय स्ट्रि म शुरुवातमा काम गरिरहेका संस्थाहरु मध्ये प्रथम हो । स्ट्रि मले आफ्नो कम्बोडियाको राष्ट्रि य संचार केन्द्र चलाउन र क्षेत्रीय सरोकारवालाहरुका वीचमा ज्ञान र जानकारीहरु आदान प्रदान गर्न र यसलाई राम्रो गराउन आर्थिक सहयोग गरिरहेको छ । समुद्रपार स्वयं सेवक संस्थाका एकजना स्वयं सेवक व्यवस्थापन र संस्थागत मुद्दाहरुमा सल्लाह दिनका लागि सा.म.वि. कार्यालयमा कार्यरत हुनुहुन्छ ।

कम्बोडियाको गैह्सरकारी संस्था स्काले (SCALE) संग को सहयोगमा सा.म.वि. कार्यालयले मत्स्यमा आधारित जीविकोपार्जन विषयक स्ट्रि म सहयोगात्मक अध्ययन कान्डाल, कामपोङ छानाङ र केराटिअ प्रान्तमा संचालन गरिरहेको छ । अध्ययन क्षेत्र अन्तर्गत टोन्ले साप, मिकङ नदी र मौसमी डुवान हुने धान खेत समेत समेटिएको छ । माछा मार्ने परिवारहरुको जीविकाको विषयमा बढी जानकारी लिन सहभागितात्मक ग्रामिण विश्लेषण तरिका अपनाएर श्रोतहरुको उपयोग कर्ताहरुबाट सिधै सूचनाहरु संकलन गरिएको छ । एउटा मुख्य अध्ययनको जोड चाहिं सा.म.वि.का. प्रान्तिय मत्स्य कार्यालय र महिला तथा भूतपूर्व सैनिक मामला विभागको अनुसन्धान र सहयोग क्षमता विकास गर्नमा रहेको छ । माछा मार्ने समुदायको अध्ययन प्रतिवेदन इच्छुक सरोकारवालाहरुलाई उपलब्ध गराइने छ र यसलाई माछा मार्ने समुदायहरुको विकासका अन्य आयोजनाहरु विकास गर्न प्रयोग गर्न सकिन्छ । स्ट्रि म अध्ययनहरुद्वारा सहभागी गाउँलेहरु आफ्नो जीविकोपार्जनमा असर पुर्‍याउने मुद्दाहरुलाई प्राथमिकीकरण गरी समाधानका कार्यहरु गर्न सक्षम भएका छन् ।



### इकलारम (ICLARAM) जीविकोपार्जन अध्ययन

वंगालदेश, लाओस र भियतनामका सरकारी निकायहरुमा जस्तै सा.म.वि. कार्यालय पनि इकलारमले सहयोग गरेको भित्री क्षेत्रको मत्स्य पालनमा आधारित जीविकोपार्जनको अध्ययन गर्ने आयोजनामा सहभागी भएको छ । यस अध्ययनको उद्देश्य जलचर श्रोतहरुमा गरीवहरुको आश्रितपन, गरिवीको विशेषताहरु र जलचर श्रोतहरुको गलत व्यवस्थापन वा असफलताले गरीवहरु उपर पर्ने असरहरु पहिचान गर्नु रहेको छ । यि चार देशहरुबाट प्राप्त हुने नतिजाले जलचर श्रोत व्यबस्थापकहरु र वैज्ञानिकहरुलाई गरिवी र श्रोतहरु वीचको सम्बन्धलाई राम्रोसंग बुझ्न सहयोग गर्दछ भन्ने विश्वास लिइएको छ । भविष्यमा अनुसन्धानको प्राथमिकिकरण गर्न र गरिवी निवारणको प्रस्थान विन्दु पहिचान गर्नमा प्रमुख जोड दिइएको छ ।

*सा.म.वि.का.ले गरिव मछुवाराहरुलाई सहव्यवस्थापन अन्तरगत माछा मार्ने अधिकारलाई सुरक्षित गरेकोछ ।*

### सा.म.वि. कार्यालयको तालिम

आफ्ना स्वयं सेवक कर्मचारीहरुको सहयोगमा सा.म.वि. कार्यालय व्यस्तपूर्वक कम्बोडियाको गैरसरकारी संस्थाहरु र व्यक्तिहरुको समर्थनमा सामुदायिक मत्स्य व्यवस्थापनका तालिमको रुपरेखा तयार गर्ने र समन्वय गर्ने कार्य गरिरहेको छ । कर्मचारीहरुले भित्री क्षेत्र र तटिय क्षेत्रको सामुदायिक मत्स्यपालन क्षेत्रहरुको अध्ययन भ्रमणमा पनि भाग लिइरहेका छन् साथै दोसांध द्वन्द, विकासमा दिगोपन र नीतिगत मुद्धाहरुलाई समेटेर तिनीहरु विभिन्न गतिविधिमा संलग्न भैरहेका छन् । सा.म.वि.कार्यालयका प्रमुख थाय सिमोनिको भनाइ अनुसार आफ्ना कर्मचारीहरुलाई सह–व्यबस्थापनलाई कार्यान्वयन गर्न र माछा मार्ने समुदायलाई राम्रोसंग सहयोग गर्न आवश्यक पर्ने तालिम प्रदान गरिने छ ।

सा.म.वि.कार्यालयलाई आर्थिक र अन्य सहयोग पुर्‍याई रहेका संस्थाहरु अमेरिकन साथी सेवा समिति, कम्बोडियन परिवार विकास सेवा, सिविएनआरएम, डब्लुडब्लुएफ, एफएओ, सिएम रिएप, आइडिआरसी, एमआरसी क्याप्चर मत्स्य आयोजना, एमआरसी जलाशय,आयोजना अक्सफाम अमेरिका, अक्सफाम वेलायत र साडिप प्रति हामी कृतज्ञता व्यक्त गर्न चाहान्छौं । यसका कर्मचारीहरुले सिक्ने अवसर पाउनुको अतिरिक्त सा.म.वि.का. यि सम्बन्धहरुलाई सामुदायिक मत्स्यपालनका सरोकारवालाहरु वीचमा संचार र समन्वयलाई बढी राम्रो गर्न महत्वपूर्ण रहेका छन् भन्ने महसुस गर्दछ ।

### क्षितिजमा

सा.म.वि.का. ले समुदायमा आधारित मत्स्य व्यबस्थापन र सम्बन्धित क्षेत्रमा कार्यरत गैरसरकारी निकायहरुसंगको आफ्नो सम्बन्ध राम्रो हुँदै जानेछ भन्ने विश्वास गरेको छ । कम्बोडियामा सामुदायिक मत्स्यपालनलाई स्थापना गर्न र सहयोग गर्न गैरसरकारी निकायहरुले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् र ती संस्थाहरुसंग अझ बढी सहयोग र समन्वय गरि भविष्यमा साझेदारीमा आयोजनाहरु संचालन गर्न सा.म.वि.कार्यालय इच्छुक रहेको कुरा थाय

**सोमोनीले भन्नु भएको छ । मत्स्यपालनसंग सम्बन्धित गैरसरकारी संस्थाहरुसंग सरोकारवालाहरुको वैठक सम्पन्न भैसकेको छ । सा.म.वि.का. विभिन्न व्यक्तिहरुसंग कार्यगत एउटा वलियो गाँठो तयार गर्न प्रयत्नशील भैरहने छ । यसले आफ्नो पहिलो वर्षमा नै विभिन्न गैरसरकारी संस्थाहरुसंग नजिकको कार्यगत सम्बन्ध स्थापित गर्न सफल भैसकेको छ र यी सम्बन्धहरुले शशक्त, समानतामूलक र पारदर्शी रुपमा पछिसम्म समुदायमा आधारित मत्स्य व्यवस्थापन गर्न आधार तयार गर्दछन् भन्ने विश्वास लिइएको छ ।**

**हरेक वर्ष कम्बोडियाको टोन्ली साप (ठूलो ताल) मनसुन वर्षाको कारण मिकङ नदीमा बढेको पानीले गर्दा किनार सम्म भरिन्छ र टोन्ली साप नदीले आफ्नो दिशा बदल्छ र ताललाई आठ गुणा सम्म फैलाई दिन्छ । यसले गर्दा बसाइ सराई गर्ने माछाहरुले फुल पार्ने र बच्चा तयार हुने प्रक्रियामा तिव्रता आई त्यसले राज्यको माछा भूरा आवश्यकतालाई केही हदसम्म पूरा गरिदिन्छ । हरेक नोभेम्वर महिनामा आफ्नो व्यस्त समयको वावजुद पनि मानिसहरु समय निकालेर यो नदी परिवर्तनलाई हेर्दै उत्सव मनाउँछन् । मौसम परिवर्तनसंगै नदी र तालको पानी घटेपछि कम्बोडियाका माछा मारेर जिविका चलाउने समुदायमा बेग्लै महत्वपूर्ण नतिजा देखा पर्दछ । समुदायमा आधारित मत्स्य व्यवस्थापन पद्दति तर्फको पाइलालाई राज्यका मत्स्यपालक र माछा मार्नेहरुले धेरै नजिकबाट हेरिरहेछन् भने सामुदायिक मत्स्य विकास कार्यालयका कर्मचारीहरु चाहिं अगाडिको यात्राको योजना निर्माणमा व्यस्त रहेका छन् ।**

**माट्ट फकस सा.म.वि.का.मा विकासको लागि अष्ट्रेलियाका युवा राजदूत हुनुहुन्छ । उहांलाई इमेल**
cfdo@camnet.com.kh **मा भेट्न सकिन्छ ।**

## सामुदायिक मत्स्य विकास कार्यालय व्यवसायको लागि खुल्ला

**लोउसी म्याकसन सान्डवाच**

भि.एस.ओ.का स्वयंसेवकहरुको कामको अन्ततिर स्वयंसेवकलाई काममा लगाउने र नजिकको साथीसंगीहरुले पदस्थापनको पुर्नमूल्यांकन गर्नुका साथै प्रतिवेदन पनि तयार गरे । यस प्रक्रियामा अर्थपूर्ण परिवर्तनको कथा तयार गरि साथीहरु वीच आदान प्रदान, छलफल, परिमार्जन र पदस्थापन प्रतिवेदनको रुपमा छनोट गर्ने कार्य गरिन्छ र शिर्षक दिइन्छ जसले योगदान शिर्षकको भूमिका निर्वाह गर्दछ । यि तलका " पहिले" र " पछि" शिर्षकका फोटोहरु प्रतिवेदनको एक अंशका रुपमा प्रस्तुत गरिएको थियो र यस साथै लोउसीको अर्थपूर्ण परिवर्तनको कथाको रुपमा रहेको छ ।

**त्यसवेला** (THEN)



पदस्थापनको समयावधिमा कार्यालयको वातावरणमा एउटा अर्थपूर्ण परिवर्तन देखियो । त्यो अर्थपूर्ण सार्थक परिवर्तन काम गर्ने वातावरण, कर्मचारीको उत्प्रेरणा र आत्मविश्वास र कार्यालयमा देखियो ।

## पछि (Later)



कार्यालयमा राम्रो काम गर्ने संस्कृति छ ..........। त्यहां कर्मचारीहरु वीचमा राम्रो सम्बन्ध छ र काम गर्ने ठाउं आनन्ददायक भएको छ। कर्मचारी उपस्थित र गतिविधि राम्रो भएको छ।

# जलचर व्यबस्थापन र विकासमा सरोकारवाला र संस्थागत संलग्नता

एम कृष्णान र प्रताप एस ब्रिथाल

**तटिय जलचरको आवश्यकता**

हालै सकिएको भारतको एउटा आयोजना अन्तर्गत हाम्रो टोलीले जलचर खेती अभ्यास सम्बन्धमा तमिलनाडू राज्यको कुड्डालोरे जिल्ला र आन्द्र प्रदेशको नेलोरे जिल्लाको व्यापक अध्ययन गऱ्यो । यस आयोजना पूरा गर्नु बाहेक तटिय जलचरलाई आर्थिक गतिविधिको मुख्य क्षेत्र बनाउन आवश्यक पर्ने विशेष पक्षहरुको पहिचान गर्ने अवसर पनि मिल्यो । जुन निम्नानुसार छन्

- जिल्लाका विभिन्न विभागका अधिकारीहरुलाई ग्रामिण क्षेत्रको दिगो जीवनयापनका लागि तटिय क्षेत्रको जलचरको सम्भाव्यताका बारेमा सचेत गराउनु आवश्यक छ ।
- श्रोतहरुको प्रयोगको रणनीतिहरुको कार्यक्षेत्रमा संयोजन गर्ने सल्लाह किसानहरुलाई  दिन सक्ने केन्द्रिय व्यक्तिहरुको पहिचान गर्ने र
- राज्य मत्स्य विभागका अधिकारीहरु र अन्य संलग्न विभागहरुलाई जलचर आधिकारिकता नियम अनुसार कृषकहरुलाई आफनो मत्स्य फार्महरुको दर्ता गराउन सहयोग गर्न बढी जोड दिन उत्सुक वनाउनु पर्दछ ।

**भारतमा तटिय जलचर विकासका समस्याहरु**

भारतको तटिय क्षेत्रको जलचर विकासमा किसानहरु वीच हुने गरेको विद्यमान विवाद र त्यसलाई समाधान गर्न सक्ने क्षमताबान नेताको अभाव नै तगारोको रुपमा देखापरेको छ । राष्ट्रिय स्तरका वैकहरुको कृषि क्षेत्रमा लगानी गर्ने सफल योजनाहरु (लघु ऋण) ले पनि जलचर क्षेत्रलाई भने समेट्न सकेका छैनन् । जग्गाको स्वामित्व, पानी ल्याउने र पठाउने नहरका व्यवस्थाहरु, पानीको लेनदेनका समय र खेर गएको जमिनको बढ्दो प्रयोगको अधिकार आदी जलचर क्षेत्रमा भइरहने विवादहरु हुन् । प्राविधिक सतर्कताको अभाव, सवल संस्थाहरुको स्वतन्त्र प्रयास र कमजोर प्रचार सेवाहरु र जग्गाको ठेक्का नीति अन्य प्रमुख समस्याहरु हुन् । जग्गाको द्वैध स्वामित्व, थोरै समयको ठेक्कामा चर्को मूल्य आदिले पनि जलचरको द्रुत विकासमा अवरोध ल्याएको छ । जलचर सम्बन्धमा सामाजिक गलत धारणा, पोखरीहरु नष्ट गर्ने प्रबृति, तल्लो तहमा कमजोर तालिम सुविधा र कहिले काहीं अदक्ष महिलाहरुको संलग्नताले पनि यस क्षेत्रको विकासलाई सुस्त गराएको छ ।

**एकिकृत प्रयासको खांचो**

विश्व व्यापार संगठनको परिवर्तित रुपरेखा अन्तर्गत भारतीय जलचरमा नविनतम उत्पादन रणनीतिहरु जस्तै तल्लो स्तरका कृषकहरुलाई टेक्कामा मत्स्यपालन, अपनाइएको छ । जसले गर्दा उत्पादन बढाउन धेरै नै मद्दत पुग्दछ । ठेक्का खेती प्रणाली संस्थागत प्रणालीको विपरित भएता पनि यसले तटिय जलचर विकासको लागि प्रशस्त ठाउँ दिएको छ । यहाँ झिंगे माछा पालन गर्ने बहुसंख्यक किसानहरु निम्नस्तरकाछन् र यिनीहरुको भागमा एक हेक्टर भन्दा कम पानीको क्षेत्र पर्दछ । ठेक्का खेतीको उल्लेखनीय सिद्दान्त भनेको नै " बाइ ब्याक" सम्झौता हो । तटिय किसानहरुले यस सम्झौतालाई  सुविधाजनक सम्झौताको रुपमा लिएका छन् जहां प्राविधिक सल्लाहका साथ किसानहरुलाई लगानी गर्न लगाइन्छ र अन्तिम उत्पादन चाहिं किसानकै ढोकामा गएर खरिद गरिन्छ ।

त्यहाँको तत्कालिक आवश्यकता जिल्लाका अधिकारीहरुलाई तटिय जलचरको सम्भाव्यता सम्बन्धमा सतर्क गराउनु हो । विभागहरु जसले कृषि, आय, सिंचाइ, सार्वजनिक काम, विद्युतीय वोर्ड, स्थानीय बैंक, राष्ट्रिय कृषि बैंक, ग्रामिण विकास र विमा संस्थान आदिसंग काम गर्ने सबैलाई तटीय जलचरको विविध तत्वहरुको सम्बन्धमा शिक्षा दिनु आवश्यक छ । यि चेतनामुलक अभ्यासहरु यी पेशासंग सम्बन्धीत कुराहरुमा सतर्क गराउन दिइने शिक्षा माथि देखि तलसम्म नै हुनपर्छ भन्ने छैन । यस्ता एजेन्सीहरुको प्रशासनिक प्रमुखबाटै प्रयासहरुको थालनी हुनुपर्छ जसले आफ्नो मातहतका व्यक्तिहरुलाई तालिम दिन सक्छन् र त्यो नै प्रसारको एक सूत्र बन्न सक्छ । गाउँस्तरिय प्रचार प्रसार कर्मचारीहरुलाई मात्र सधैं छनोट गर्नु पर्छ भन्ने छैन ।

**मुख्य व्यक्तिको महत्व**

तटिय जलचर क्षेत्रमा थोरै मात्र व्यक्तिहरु सक्रिय रुपमा संलग्न भएका कुरा हामीले २ वटा जिल्लाको अध्ययनबाट पत्ता लगायौं । ती व्यक्तिहरु मत्स्य विकासका कर्मचारीहरु, विश्वविद्यालयका प्राध्यापकहरु र समुदायमा हैकम चलाउने व्यक्तिहरु जस्तै गाउंस्तरिय पञ्चायतका सभापतिहरु आदि मात्र थिए । तिनीहरुको संलग्नता वास्तवमा सघन र विनासोन्मुख थियो । तिनीहरुमा आफ्नो ज्ञानको महत्व र आफूले गाउँ र जिल्लाका लागि गर्न सक्ने योगदान बारेमा कुनै जागरुकता नै थिएन । उनीहरुको क्षमता त्यतिवेला कार्यालयका विभिन्न प्रकृयाहरुलाई मान्नुपर्ने हुनाले सिमित घेराभित्र बांधिएको थियो जुन कार्यालयको आवश्यकता पनि थियो । तर कार्यक्षेत्रमा भने तिनीहरुलाई बढी नै आराम थियो । निकट भविष्यमा नै तालिम प्राप्त गैरसरकारी निकायहरु आउन नसक्ने अवस्थामा उनीहरुको क्षमताशील योगदानले भारतको तटीय जलचर विकासमा धेरै नै अर्थपूण परिवर्तन ल्याउन सक्छ ।

यी प्रमुख व्यक्तिहरुले किसानहरुमा आत्मा विश्वास जगाउन र तिनीहरुको जग्गा दर्ता गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् जुन जलचर अख्तियारमा त्यति जोड दिइएको छैन । ती प्रमुख व्यक्तिहरु पहिले नै गाउँमा छन् । स्थानीय व्यक्तित्व वा प्राकृतिक नेता भएर तिनीहरुले व्यक्तिगत रुपले सबै सम्बन्धित विभागहरुसंग सम्बन्ध स्थापना गरि संगठनको उद्देश्य हासिल गर्न र तटिय जलचरको दिगो विकास गर्न महत्वपूर्ण योगदान गर्न सक्दछन् ।

**उद्यमी र श्रोत व्यवस्थापक**

तटिय जलचर अन्य आर्थिक कृयाकलापहरु जस्तै उत्पादनका साधनहरुको एक नतिजा हो । जमिनको सुधार, कानून, आय र वर्गिकरण आदि राज्यसंग सम्बन्धित कुरा हो भने अदक्ष श्रमिक तटिय जलचरको लागि एक स्थानीय मुद्दा हो । प्रमाणित भैसकेका दक्ष उद्यमशीलता खास गरि प्रशोधन क्षेत्रमा पाइन्छन् र यस क्षेत्रमा नै नेतृत्व जन्मीरहेको छ । संस्थागत र व्यक्तिगत पूंजीको प्रवाह शिक्षा, क्षमता र लगानी गर्ने इच्छामा भर पर्ने कुरा हुन् । त्यसैले यो क्षेत्रलाई संलग्न सबै संस्थाहरुको टेकोको आवश्यकता छ ।

भारतको तटिय जलचरले विगतको कमजोर ख्यातीलाई पछाडि छाडेर अघि बढ्दैछ । सन् १९९० ताका बनेको नकारात्मक सोचाईलाई विस्तारै समझदारीको बाटोमा परिवर्तन गरेर अगाडी बढ्न सकिन्छ । उपयुक्त व्यवहारिक व्यवस्थापनले उत्पादनको स्तर दिगो राख्न र रोगका प्रकोपहरु नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । कृषक समुदायलाई व्यवहारिक व्यवस्थापन अपनाउन सहयोग गर्दा यो क्षेत्रको क्षमताले लामो समयसम्म उत्पादनका साधन र बस्तुको अन्तर सम्बन्धलाई कायम गर्न सकिन्छ ।

सन्दर्भ ग्रन्थः कृष्णन एम, ब्रिथाल प्रताप एस, के कुमारान एम र सिंह एच २००१ः भारतमा कम नुनिलोपानी जलचर प्रणालीको आर्थिक विवेचनाः अन्तिम प्रतिवेदन, आइसिएआर–एपि सेस फन्ड आयोजना, कम नुनिलोपानी जलचरको केन्द्रिय कार्यालय चेन्याई र राष्ट्रि या कृषि अर्थशास्त्र र नीति अनुसन्धान केन्द्र नयाँ दिल्ली ।

डा. एम कृष्णन बरिष्ठ बैज्ञानिक (अर्थशास्त्र) कम नुनिलोपानी जलचरको केन्द्रिय संस्थान चेन्याई र उहाँको इमेल mahadevak@hotmail.com or emkay1957@yahoo.co.in छ डा. प्रताप एस ब्रिथाल राष्ट्रि या कृषि अर्थशास्त्र र नीति अनुसन्धान केन्द्र नयाँ दिल्लीका वरिष्ठ बैज्ञानिक हुनुहुन्छ र उहाँलाई psbirthal_ncap@iasri.delhi.nic.in मा भेटन सकिन्छ ।

# सुदुर दक्षिण कम्बोडियामा मत्स्यपालनका लागि माछाभूरा उत्पादनः विकेन्द्रिकरण एउटा बाटो

ओलिभर डेलाहाइ गामुक्कि, ग्राहम सि मेइएर र हारभे डेमेइन

## भूमिका

माछा कम्बोडियाको खाद्य पोषणको एक महत्वपूर्ण हिस्सा हो र यसको अधिकांश आपूर्ति प्राकृतिक तवरका माछा समातेर नै गरिन्छ । तर यो तरिकाले गर्दा पहिले नै धेरै माछा मारि सकिएको छ र यस तरिकाले बढ्दो मागको पूर्ति गर्न पनि सक्दैन । यसको सट्ट ा मत्स्यपालनलाई भविष्यमा देशको खाद्य सुरक्षाको महत्वपूर्ण श्रोत वनाउनु पर्छ र यसको लागि पर्याप्त र गुणस्तरिय भूराको आपूर्ति नै पहिलो आवश्यकता हो । खास गरि कम्बोडिया हालसम्म पनि अझै अविकसित नै छ । किसानहरुको गतिशिलता पनि सिमित छ, घुम्ती व्यापारिक संजालहरु केवल विकसित क्षेत्रमा मात्र विद्यमान छन् । गाउँले किसानहरुलाई स्थानीय स्तरमा नै उनीहरुलाई चाहिएको वेलामा र आवश्यक मात्रामा माछा भूरा चाहिएको छ । उपयुक्त जात र गुणस्तरिय (राम्रो व्यबस्थापन र वंशानुगत राम्रो गुण) माछा भूराको पहुंच पनि बढ्दो महत्वको विषय बनेको छ । हाल  कम्बोडियामा माछा भुराको आपूर्ति सिमित ठूला ह्याचरीहरु, जुन विकसित क्षेत्रमा रहेका छन्, मा मात्र केन्द्रित रहेकोछ र यिनीहरुको आपूर्ति प्रणली पनि राम्रो भैसकेको छैन् । यसले गर्दा ग्रामीण क्षेत्रमा माछा भूराको आपूर्ति धेरै नै अपर्याप्त देखिन्छ ।

### अध्ययन सन्दर्भ

कम्बोडियामा माछा भूरा उत्पादनमा के कस्ता अवसर र चुनौतिहरु छन् त्यसको पहिचान गर्ने उद्देश्यले जनवरी २००२ देखि सोही वर्षको अप्रिल सम्म दक्षिण कम्बोडियाका ४ वटा प्रान्तहरुलाई केन्द्र मानेर वृहत सर्वेक्षण गरियो । यस अध्ययनले खास गरि माछा भूरा उत्पादन प्रणालीको प्राविधिक, संस्थागत, भौतिक, आर्थिक र विभिन्न संजालहरु पक्षलाई समेटेर एक व्यवस्थित विवरणको विकास गर्न चाहेको थियो ।

### राज्य प्रणाली : विकेन्द्रिकरणको एक पक्ष

विभिन्न प्रकारका भूरा उत्पादकहरुलाई साधारणतया सरकारी वा दाताहरुबाट सहयोग प्राप्त केन्द्रिकृत देखि साना क्षमतामा भुरा उत्पादन गर्नेहरु समेत गरि चार समूहमा विभाजन गर्न सकिने कुरा अध्ययनले देखायो । धेरै नै केन्द्रित सार्वजनिक भुरा उत्पादन प्रणालीहरु ग्रामिण क्षेत्रसम्म प्रभावकारी रुपमा भूरा वितरण गर्न असफल र आर्थिक रुपमा दुर्वल हुनाको साथै आफ्नो विकास र विस्तारमा नीजि क्षेत्रहरुसंगको प्रतिस्प्रर्धामा धेरै वाध्यताहरुको सामना गरिरहेका छन् भन्ने कुरा महत्वपूर्ण मुद्दाहरुको परिक्षणले देखाएको छ । विकेन्द्रिकरण प्रणालीहरु ग्रामिण किसानहरुको आवश्यकता पूरा गर्न र वर्तमानका समस्याहरुसंग जुध्न बढी सक्षम देखिएका थिए ।




*स्कालेद्वारा टोउल क्रासाङ्मा संचालित ठूलो स्केलमा माछा भुरा उत्पादन (वायाँ) र कृषकद्वारा संचालित सानो स्तरको ह्याचरी (दायाँ)*

साना स्तरका भूरा उत्पादन क्षेत्रहरु अझै पनि शैसव अवस्थामा भएर पनि अति कम सुविधा र संरचनाहरुको उपयोग गरेर विभिन्न चुनौतिहरुको सफलतापूर्वक व्यबस्थापन गरिरहेका छन् । यो क्षेत्र खोजउन्मुख, लचिलो र किसानहरुलाई प्रारम्भिक ज्ञान दिन सहयोगी सिद्ध देखिएकोछ । ग्रामिण ह्याचरीहरुको प्रमुख वाध्यता नै वित्तिय र प्राविधिक सहयोगको अभाव र विशिष्टिकरणयुक्त आवश्यक सामाग्रीमा अपर्याप्त पहुंच हुनु हो । सवै किसिमका माछा भूरा उत्पादकहरु, जसमा ठूला ह्याचरीहरु पनि पर्दछन्, मा माउ माछाको वंशानुगत व्यवस्थापन उपयुक्त किसिमले भएको पाइएन जसले गर्दा वंशानुगत वहाव इनव्रिडिङ र वर्णशंकर इन्ट्र गेसन देखापर्दछ र यसले निकट


भविष्यमा नै उत्पादकत्वमा असर देखा पर्दछ । सार्वजनिक वा गैह सरकारी ह्वाचरीहरुको उत्पादन परिमाण साना उत्पादकहरुको तुलनामा धेरै भएतापनि यिनिहरुले अस्वस्थ प्रतिस्पर्धा निम्त्याएका छन् । धेरै जसो ठूला ह्याचरीहरु सिमित क्षेत्रमा एकत्रित भएकाले यिनीहरुले स्थिर वा घट्दो मागको सामना गर्नु परिरहेको छ । अर्को तर्फ साना स्तरका भूरा उत्पादकहरुले भने सिमित प्रतिस्पर्धासँगै माग बढेको कुरा गरे यसको कारण मत्स्यपालन कार्यक्रम हाल मुख्य रुपमा ग्रामिण क्षेत्रमा नै केन्द्रित रहेको छ ।

**केन्द्रिकृत र विकेन्द्रित भूरा उत्पादन रणनीतिहरु**

मत्स्यपालनको प्रारम्भमा सीप र श्रोतको अभावमा केन्द्रिकृत भूरा उत्पादन रणनीतिलाई मात्र जोड दिनु युक्तिसंगत नै देखिन्छ । हाल दक्षिणी कम्बोडियाका किसानहरुले विकेन्द्रित वितरण प्रणालीकाकारण फाइदा लिएको देखिन्छ । यही विकेन्द्रित रणनीतिलाई एसियाका अन्य देशहरुले पनि सफलतापूर्वक अपनाएका छन् र नीजि उद्यमीहरुले माछा भूरा उत्पादनमा प्रभुत्व जमाएका पनि छन् । ग्रामिण क्षेत्रमा माछा वजार र यसका संरचनाहरुको सफलता पूर्वक विकास हुंदै जाँदा माछा भूराको माग पनि बढ्दैछ र किसानहरु भूराको गुणस्तर र जातप्रति संवेदनशील हुन थालेका छन् जसले गर्दा व्यवसायिक भूरा उत्पादक र दलालहरुको संजालको जन्म हुन बल मिल्नेछ । माछा भूरा आपूर्तिमा यस्तो परिवर्तन आएपछि ठूला केन्द्रिकृत सरकारी र गैह सरकारी संस्थाका ह्याचरीहरुले आफ्नो भूमिकामा परिवर्तन गरि आफूलाई ठूला आपूर्तिकर्ताको रुपमा उभ्याउन पर्याप्त गुणस्तरिय भूराको साथै आफूलाई यथा स्थान र यथा समयमा आपूर्ति गर्न सक्षम भएको सावित पनि गर्न सक्नुपर्छ ।

**विकेन्द्रिकृत भूरा आपूर्ति**

माछा भूराको विकेन्द्रित आपूर्ति व्यवस्थालाई सफल पार्न साना स्तरका भूरा वितरकहरुको संजाल देशभरि वनाउन प्रोतसाहन गर्नु पर्दछ । सार्वजनिक वा गैह सरकारी संस्थाका ह्याचरीहरुका श्रोतहरु अत्याधिक उत्पादन र अस्वस्थ प्रतिस्प्रर्धामा खर्चिनुभन्दा नीजि क्षेत्रको उत्थानको लागि प्रयोग गरिनुपर्छ । गैह सरकारी संस्था र प्रान्तिय कार्यालयहरुको प्रचार प्रसारका गतिविधीहरु साना उत्पादकहरुलाई मत्स्यपालन सम्बन्धि विभिन्न पक्षमा तालिम दिन र प्रविधि हस्तान्तरण गर्न, उत्पादक र उनीहरुका ग्राहक वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न सहयोग गर्न केन्द्रित हुनुपर्छ । वास्तवमा यि कुराहरु सम्भव हुनको लागि कम्बोडियाका नीति निर्माताहरुले मत्स्य विकासमा सरोकार राख्नेहरु सवैलाई समाबेश गरि राम्रो निर्णय र रणनीतिहरु लागु गर्नुपर्छ ।



सानो स्तरको विकेन्द्रित भुरा वितरण संजाल तयार गर्ने (निलो रंगमा)

**ओलिभर डेलाई गामुक्कि एसइ एएफडिइसि थाइलैण्ड र वैंकका सचिव हुन् र एआईटि का मास्टर डिग्रीका विद्यार्थी पनि हुन् । ग्राहम सि मेर र हारभे डे मेइन एसियन प्राविधिक संस्था वैंककसंग सम्बद्ध छन् । गामुक्किलाई** <odega@seafdec.org> **मा र ग्राहम मेरलाई** <gcmair@ait.ac.th> **मा भेट्न सकिन्छ ।**

# स्ट्रि म जर्नल वारे

प्रकाशितः स्ट्रि म –क्षेत्रीय जलचर श्रोतको व्यवस्थापनका लागि सहयोग
एशिया–प्यासेफिक नेटवर्क अफ एक्वाकल्चर सेन्टर ( नाका ) सचिवालय
सरस्वतीभवन
मत्स्य विभाग परिसर
केसेटसार्ट विश्वविद्यालय
लाड्‌यो जाटुनेक बैंकक १०९०३
थाइल्याण्ड

**सम्पादक मण्डल :**

ग्राम हेलर –स्ट्रि म निर्देशक
लि थान्ह ल्यू–स्ट्रि म राष्ट्रि य कोओर्डिनेटर, भियतनाम
विलियम स्याभेज – स्ट्रि म संचार विशेषज्ञ
थाय सिमोनी– स्ट्रि म राष्ट्रि य कोओर्डिनेटर, कम्वोडिया
सोनिअ सेभिल्ली – स्ट्रि म राष्ट्रि य कोओर्डिनेटर, फिलिपिन्स

## उद्देश्यः

यो स्ट्रि म जर्नल जलचर श्रोतको उपयोग गरि आफनो जीवन पद्द्ति चलाइरहेका एशिया प्रशान्त क्षेत्रका गरीवहरुलाई प्रभावित गर्ने सहभागीता, संचार र नीतिहरुको प्रवर्द्धन गर्ने उद्देश्यले त्रैमासिक रुपमा प्रकाशित भैरहेको छ । यसको अर्को उद्देश्य यस क्षेत्रमा जलचर श्रोत व्यवस्थापन र अन्य क्षेत्र वीचमा अन्तर सम्बन्ध कायम गराउने हो । स्ट्रि म जर्नलले सिमित श्रोतहरु भएका विशेष गरि जलचर श्रोत व्यवस्थापनसंग जीवन पद्द्ति गाँसिएका जनतासंग सम्बन्धीत मुद्दाहरु रस मुदायमा कार्यरत सरकारी, गैह्रसरकारी र अन्तराष्ट्रि य कार्यकर्ताहरुसंग काम गर्ने मुद्दाहरुलाई समेटदछ । यस्ता मुद्दाहरुमा सिकाई, द्धन्द्ध व्यवस्थापन, कानुनी व्यवस्था, जीवन पद्द्ति, लैङ्गिक, सहभागिता, सरोकारवालाहरु र संचार रहेका छन् ।

यसको अर्को महत्वपूर्ण उद्देश्यमा शैक्षिक क्षेत्रमा उपयोगी सामाग्रीहरु जुन क्षेत्रगत विषय विशेषज्ञहरुद्वारा तयार गरिएका हुन्छन्, लाई समेटनु पनि हो । यसले कुनै संघ संस्थाको अवधारणलाई भन्दा व्यक्तिगत अनुभवमा तयार गरिएका धारणाहरुलाई प्राथमिकता दिई समेटदछ । यसमा छापिने लेखहरुको विषय बस्तुको जिम्मेवारी लेखकको भए पनि त्यसमा सम्पादक समूहले केही हेरफेर र सुधार गर्न सक्दछ ।

## वितरणः

स्ट्रि म जर्नल तिन रुपमा पाठकहरु समक्ष पुग्दछ :

१. इलेक्ट्रोनिक रुपमा जसलाई स्ट्रि मका संचार केन्द्रहरुले छपाई गरि वितरण गर्न सक्छन्
२. स्ट्रि म वेवसाइट www.streaminitiative.org बाट डाउनलोड गरि हेर्न सकिने
३. छापिएको अवस्थामा नाकाको सचिवालयबाट वितरण गरिने

## योगदान :

जलचर श्रोतहरुको उपयोग कर्ता र उनीहरुसंग काम गर्नेहरुले आ–आफना लेखहरु पठाएर यस जर्नलमा योगदान गर्न सक्नु हुन्छ । त्यसै गरि समुदायमा कार्यरत समकक्षी संघ संस्थाका साथीहरुलाई पनि आ–आफना लेखहरु पठाई सहयोग र योगदान गर्नु हुन अनुरोध गरिन्छ ।
लेखहरु साधारण अग्रेजी भाषामा एक हजार शब्दमा नबढाई लेखिएको हुनु पर्दछ ।
लेखहरु यस जर्नलका सम्पादक विलियम साभेजलाई इमेल savage@loxinfo.co.th मा पठाउन सकिन्छ ।

## बढी जानकारीका लागि सम्पर्क :

ग्राम हेलर ( Graham Haylor) –स्ट्रि म निर्देशक
इमेल : ghaylor@loxinfo.co.th

# स्ट्रि म वारे

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रि म)को नेतृत्वदायी कार्यको प्रारम्भ जलचर श्रोतहरुको संजाल केन्द्र, एशिया प्रशान्त क्षेत्रको निश्चित पाँच बर्षे कार्यक्रम चक्र भित्र रही कार्य गर्ने गरि गरिएको हो ।यसका मुख्य उद्देश्यहरु जलचर क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई निम्न कार्यहरुमा सहयोग पु¬ याउनु हो ।

- भैरहेका र प्राप्त हुने सूचनाहरुको बढी शशक्त रुपमा उपयोग गर्न
- गरीव जनताको जीवन निवार्ह पद्दतिलाई राम्रोसंग बुझ्न र
- गरीव जनतालाई उनीहरुको जीवन निवार्ह पद्दतिमा प्रभाव पार्ने नीति र बिकास प्रक्रियाहरुमा बढी सहभागी हुनु र प्रभाव पार्न सहयोग पु¬ याउन

नीति र प्रक्रिया बिकासमा संलग्न संस्थाहरुलाई सहयोग र उनीहरुको निम्न कार्य गर्न क्षमता अभिबृद्धि गरि स्ट्रि मले यी माथिका उद्देश्यहरु पूर्ति गर्दछ ।

- गरीव जनताको जीवन पद्दतिमा प्रभाव पार्ने जलचर श्रोतहरुको व्यवस्थापनका मुद्दाहरु पहिचान गर्न
- विभिन्न व्यवस्थापन पद्दतिहरुको अनुगमन र मुल्यांकन गर्न
- सूचना र जानकारीहरु बढाउन र
- सोही क्षेत्र र अन्तर क्षेत्र र देशहरु वीच सूचना संजालको निमार्ण गर्न

नाका (*NACA*)लाई सहयोग गरिरहेका विभिन्न सहयोगी (AusAID, DFID, FAO, VSO) हरुको सहयोगमा नै स्ट्रि मको गतिविधिहरु संचालित भैरहेका छन् ।यसले अपनाएको पद्दतिमा जलचर श्रोतहरुको व्यवस्थापनमा संलग्न सरोकारवालाहरु वीचमा सम्बन्ध कायम गराउने र उनीहरुलाई स्ट्रि मले चाहे जस्तो कार्य तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा गर्नमा सहयोग अभिबृद्धि गर्ने रहेकोछ ।

स्ट्रि मले कार्य गरेका देशहरुमा साझेदारहरुको कार्यको समन्वय राष्ट्रि य समन्वय दल, जसमा त्यहाँको सरकारले स्विकार गरेका एक जना सिनियर अफिसर राष्ट्रि य समन्वय कर्ता र संचार केन्द्र व्यवस्थापक हुन्छन्, ले गर्दछ र यसले स्थानीय सरोकारवालाहरुसंग पनि सम्बन्ध कायम गर्दछ । संचार केन्द्रका लागि आवश्यक सामाग्रीहरु, सफटवायर, तालिम सूचना प्रविधि सहयोग, संजाल निमार्ण, मानवीय संसाधन विकास र इन्टरनेटमा आधारित क्षेत्रीय संजाल भित्रका राष्ट्रि य सरोकारवालाहरुसंग अन्तरसम्बनध कायम गर्न सहयोग गरिन्छ ।

राष्ट्रि य समन्वय दलले हरेक वर्ष राष्ट्रि य सरोकारवालाहरुसंग परामर्श गरि तयार गरेको राष्ट्रि य रणनीति पत्रको पुर्नः मुल्यांकन गर्दछ र आवश्यक परिमार्जन गर्दछ । राष्ट्रि य रणनीति पत्रले मुख्य मुद्दाहरु पहिचान गर्ने, क्षेत्रीय सम्बन्धलाई प्रकाश पार्ने, उद्देश्यहरु र मुख्य गतिविधिहरुमा प्राथमिकता दिने र स्ट्रि म र वाह्रय श्रोतहरुबाट कोष जुटाउने कार्यमा सहयोग गर्दछ ।

स्ट्रि मको क्षेत्रीय कार्यालय, जुन नाकाको सचिवालय बैंककमा रहेको छ, ले क्षेत्रीय समन्वयको काम गर्दछ । यसका साथै कोष व्यवस्थापन र जीवन पद्दति, नीति निमार्ण, संचार र अन्य विशेष मुद्दाहरु वारे एक आपसमा अध्ययन र व्यवस्थापन गर्दछ । संचारले अन्तरक्रिया, अनुभवबाट सिकाई र साझेदारहरुका गतिविधि सम्बन्धमा सम्पर्क कायम गराउदछ ।

स्ट्रि मको कार्यान्वयन चाही गर्दै सिक्दै गर्ने प्रक्रिया अन्तरगत प्रथम चरणमा कम्वोडिया र भियतनाममा लागु गरिएको छ । यसको विस्तार चाँही गरीवी निवारण लागि कार्य गर्न सकिने उपयुक्त अवस्था भएका एशिया–प्रशान्त क्षेत्रका देशहरुमा गरिन्छ । ती क्षेत्रमा हासिल हुने अनुभव, सिकिने पाठ, प्रभावको प्रदर्शन र थप कोषको व्यवस्था अनुसार सुशासनलाई प्रोत्साहन हुने गरि कार्य गरिने छ । स्ट्रि मको संचार रणनीतिको उद्देश्य वर्तमान ज्ञान र विशेषज्ञताको परिवर्तित प्रक्रिया अनुसार क्षेत्रीय स्तरमा आदन प्रदान गराउने, अनुभवहरु साटासाट गर्ने र एशिया प्रशान्त क्षेत्रमा यसका प्रभावलाई विस्तार गर्ने रहेको छ । स्ट्रि म जर्नल र वेबसाइटमा भएको छलफल मञ्च नै यो रणनीतिलाई सहयोग गर्ने मुख्य अंग हुन् ।

स्ट्रि म राष्ट्रि य संचार केन्द्र व्यवस्थापकहरु

कम्वोडिया– सिम भि¬ याक ( cfdo@camnet.com.kh)

भियतनाम – नग्यूएन सोङ्ग हा ( nguyensongha@fpt.vn)

फिलिपिन्स – इलिजावेथ गोन्जालेस (streambfar-phil@skyinet.net)